# नेपाली महावाणिज्यदूतावासको वेभसाइटबारे जानकारी

नेपाली महावाणिज्यदूतावासको सेवाहरुलाई अझ बढी प्रभावकारी बनाउने क्रममा यहि फागुण ७, २०६० (तद्नरुप फेब्रुअरी १९, २००४) देखि महावाणिज्यदूतावासले आफ्नो वेभसाइट (Website) शुरु गरेको व्यहोरा हङ्गकङ्ग स्थित सम्पूर्ण नेपालीहरुलाई सहर्ष जानकारी गराउदछौं ।

वेभसाईट (Website) को ठेगाना : www.nepalconsulatehk.org

महावाणिज्यदूतावासबाट प्रदान गरिने सेवाहरुको सूचना सर्वसाधारणमा पुऱ्याउने, नेपाल र हङ्गकङ्ग विशेष प्रशासकीय क्षेत्र वीचको व्यापारिक तथा पर्यटकीय सम्बन्ध अझ विस्तार गर्ने तथा नेपाल सम्बन्धी जानकारी प्रवाह गर्ने उद्देश्यले यो वेभसाईटको शुरुवात गरिएको हो । यस वेभसाईटबाट अन्य महत्वपूर्ण सूचनाहरुका अतिरिक्त खासगरी नेपालीहरुलाई दैनिक रुपमा आवश्यक पर्ने देहायका सेवा/जानकारीहरु लिन सकिन्छ :

(क) राहदानी, ट्राभल डकुमेण्ट, संशोधन/प्रमाणिकरण, घरेलुकामदार तथा भिसा सम्बन्धी कार्यको लागि आवश्यक पर्ने प्रक्रिया र कागजातहरु बारे ।

(ख) नेपाली राहदानी, ट्राभल डकुमेण्ट, संशोधन/प्रमाणिकरण, घरेलुकामदार लगायतका निवेदन फारामहरु ।

(ग) महावाणिज्यदूतावासबाट दिईने सेवामा लाग्ने शुल्कहरु ।

(घ) महावाणिज्यदूतावासको कार्यालय, समय, ठेगाना (नक्सामा समेत) तथा अन्य सम्बन्धित विषयहरु ।

यस महावाणिज्यदूतावासका सेवाहरु सम्बन्धी यहांहरुको सुझाव तथा गुनासोहरु भएमा वेभसाइटको "Feedback" मार्फत समेत सिधै महावाणिज्यदूत समक्ष पठाउन सकिने व्यवस्था समेत गरिएको छ । यहांहरुको सुझाव र गुनासोको बारेमा तपाईहरुको E-mail ठेगानामा जवाफ समेत पठाईने छ । यस वेभसाइटलाई अझ विस्तृत, सुधारयुक्त तथा परिमार्जीत गर्न थप सूचनाहरु राख्ने क्रम जारी छ । यस क्रममा सम्पूर्ण हङ्गकङ्गवासी नेपालीहरुको सुझाव र सहयोगको लागि अनुरोध गरिन्छ ।